"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

# अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि

# बोलपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/०९)

नगरपालिकाको वडा नं. ८ मा निर्माण भएको अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीका लागि तपसिल अनुसारका शर्तहरू उल्लेख गरी ११ (एघार) दिने बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको हुँदा ठेक्कामा भाग लिन चाहने कम्पनी/फर्महरूले तपसिलका सेवा शर्तका बन्देजमा रही कार्यालयमा बोलपत्र फाराम खरिद गरी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>

| सि. न. | ठेक्का नं. | बोलपत्रको नाम | न्युनतम ठेक्का अंक वार्षिक रु. (भ्याट बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | DMO/JHAPA/AGRI/02/083/084 | अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्य, दमक ८ (Operation and Management Work of Organic and Local Agriculture Market Centre, Damak 8) | ३४,०८,०००/- (अक्षरेपी चौँतिस लाख आठ हजार रुपियाँ मात्र) | कबोल रकमको ५% |

<u>**शर्तहरु:**</u>

१. इच्छुक प्रस्तावदाताले रकम कबोल गर्दा वार्षिक रुपमा कबोल गर्नुपर्नेछ। सोही बमोजिम ५% धरौटी रकम जम्मा गर्नुपर्नेछ।

२. बोलपत्र फाराम र सो सँग सम्बन्धित कागजातहरु कार्यालय बाट प्राप्त गर्न सकिने छ। धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ।
(धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| **क्र.स.** | **कार्यालय / कोड नं.** | **बैंकको नाम** | **धरौटी खाता नं.** |
|---|---|---|---|
| क | दमक नगरपालिका | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | २१४०१००३०३००००००२ |

नोट : कबोल अंकको ५ प्रतिशत धरौटी दमक नगरपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खातामा जम्मा गरी बैङ्क भौचर वा दमक नगरपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

३. कार्यालयमा बोलपत्र फाराम खरिद गरी बोलपत्र पत्र पेश गर्न चाहने बोलपत्रदाताले दमक नगरपालिकाको आन्तरिक राजश्व खाता (खाता नं. २१४०१००३०१०१०००२) मा रु. ३,०००/- (अक्षरेपी तीन हजार रुपियाँ मात्र) बुझाई कार्यालयबाट बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।

४. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ११ औँ दिन मिति २०८३/०६/२० गते कार्यालय समयभित्र कार्यालयमा फाराम खरिद गरी सक्नुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

५. उक्त बोलपत्र मिति २०८३/०६/२१, दिनको १२:०० बजेसम्ममा कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ । बोलपत्र खोल्ने समयमा प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पूरा गरी ठेक्का सम्झौता नगरे सम्म अन्य बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटी बाट हिसाव मिलान गर्न पाइने छैन ।

७. बोलपत्रदाताले आफूले कबोल गरेको रकमको ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (क) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" वर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रीतपूर्वकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाणपत्र,नवीकरण भएको दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाण र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पूर्ण कागजात बोलपत्र फाराम साथ कागजातहरुको प्रतिलिपी संलग्न राख्नु पर्नेछ।

८. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत सम्म छुट दिन सकिनेछ।१३% प्रतिशत मु.अ.कर र १.५% प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराइने छैन। उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई दमक नगरपालिकाको आन्तरिक राजश्व खाता नं. २१४०१००३०१०१०००२ मा दाखिला गर्नुपर्नेछ।

९. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यस्तै प्रकारको अन्य अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफी दिइने छैन।

१०. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरेको ठेक्का सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन।

११. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमश: दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ। अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ। यो प्रकृयाको क्रमश: दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ।

१२. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ।

१३. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।

१५. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु प्रचलित ऐन, कानुन र कवुलियतका शर्त एवम् सार्वजनिक हितको सिद्धान्तका आधारमा नगरपालिकाले तय गरेबमोजिम हुनेछ ।

**अर्गानिक तथा रैथाने कृषि बजारसँग सम्बन्धित अन्य शर्तहरुः**

१. अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्य प्रचलित कानुन तथा "अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र विकास, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" अनुसार गर्नु गराउनु पर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

२. कृषि बजार केन्द्रको संरचनाहरु जुन जस्तो अवस्थामा रहेका छन् सोही अवस्थाबाट सञ्चालन, व्यवस्थापन गर्नु पर्नेछ।

३. कृषि बजार केन्द्रमा आफूलाई तयार गरेको प्रारुप/प्रस्ताव अनुरुप संरचना निर्माण, कोठा थप, पार्टेसन, डेकोरेशन गर्नुपर्ने भएमा नगरपालिकाको अनुमति लिनु पर्नेछ।

४. कृषि बजार केन्द्रको सञ्चालन व्यवस्थापनको सम्झौता भएपश्चात् खानेपानी, विद्युत लगायतका महसुल कबोल/सम्झौता गर्ने पक्षले बुझाउनु पर्नेछ।

५. कृषि बजार केन्द्रको सञ्चालन तथा व्यवस्थापन पश्चात् हुन आउने मर्मत सम्भारको कार्य आफैंले गर्नु पर्नेछ।

६. सो केन्द्रमा रहेको कोल्ड स्टोर सञ्चालन र व्यवस्थापनको लागि समेत प्रस्ताव पेश गर्नुपर्नेछ। कोल्ड स्टोर सञ्चालन गर्दा निर्धारण गर्नुपर्ने शुल्क/महसुल/दर नगरपालिकाद्वारा तय गरिने छ। उक्त कोल्ड स्टोर सञ्चालन बापतको खर्च आर्थिक भारका सम्बन्धमा आपसी समझदारीमा तय गरी कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ।

७. कृषि बजार केन्द्र सञ्चालन र व्यवस्थापन गर्दा त्यहाँ रहेका संरचनाहरुको मूल स्वरुपलाई परिवर्तन गर्न पाइने छैन।

८. कृषि बजार केन्द्रमा मदिरा तथा सुर्तीजन्य सामाग्रीहरुको बिक्रीवितरण तथा भण्डारण गर्न पाइने छैन।

९. कृषि बजार केन्द्रमा होटल या गेष्टहाउस सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्न पाइने छैन।

१०. कृषि बजार केन्द्रलाई कोशेली घर/रैथाने कृषि उपज स्थल पहिचान स्थापना गर्ने गरी समेत कार्य गर्नु पर्नेछ।

११. कृषि बजार केन्द्र सञ्चालन र व्यवस्थापन गर्न कबोल र सम्झौता गर्ने पक्षले अन्य कुनै व्यक्ति, पक्षलाई हस्तान्तरण गर्न पाउने छैन।

१२. अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न प्रस्ताव पेश गर्ने पक्षले बजार केन्द्र सञ्चालनको सामान्य प्रारुप/प्रस्ताव समेत अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नु पर्ने छ। प्रारुप/प्रस्ताव पेश नगर्ने या समावेश नभएको बोलपत्रलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन।

१३. यो सूचनामा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१४. कृषि बजार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने अवधि सम्झौता मितिले ५ (पाँच) बर्षको हुनेछ।

१५. बोलपत्र स्वीकृत भए पश्चात् सम्झौता गर्ने पक्षले आफुले कबोल गरेको रकमको १ बर्ष बराबरको रकम अग्रीम जम्मा गर्नु पर्नेछ र बाँकी अवधिको लागि सम्झौता अवधिको अन्तिम म्याद भन्दा ६ महिना बढी अवधि भएको कार्यसम्पादन जमानत (Bank Guarantee) पेश गर्नु पर्नेछ।

१६. सम्झौता भएपश्चात् कुनै बहाना या अवस्था देखाई सम्झौता अन्त्य गर्न पाइने छैन। सम्झौता अन्त्य हुने अवस्था भएमा बैंक जमानत रकम जफत गरिने छ।

२०८२।०६।०३

**प्रमुख प्रशासकीय अधिकृत**

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक, झापा, कोशी प्रदेश, नेपाल

# अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सन्चालन तथा व्यवस्थापन कार्य, दमक ८ सम्बन्धी फाराम

# दोस्रो पटक प्रकाशित सूचना

आ.व. ०८३/८४

Contract No.: DMO/JHAPA/AGRI/02/083-84

Procurement Title: Operation and Management of Organic and Local Agriculture ,Damak ,8

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

दमक, झापा, कोशी प्रदेश, नेपाल ।

विषयः बोलपत्र पेश गरेको सम्बन्धमा ।

त्यस कार्यालयद्वारा मिति २०८३/०६/१० मा दोस्रो पटक प्रकाशित सूचना अनुसार **अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सन्चालन तथा व्यवस्थापन कार्य** तपसिल बमोजिम मासिक रकममा संचालन गर्नको लागि यो फाराम भरी पेश गरेको छु ।

तपशिलः

१. वार्षिक कबोलअङ्कः रु. ........................... (अक्षरेपी ........................................................

२. बोलपत्रदाता फर्म वा व्यक्तिको नामः

३. प्रोप्राइटर वा मुख्य कारोबार गर्ने व्यक्तिः

४. बोलपत्रसाथ संलग्न गर्नुपर्ने कागजातः

   a. आ.व. ०८३/८४ का लागि फर्म नवीकरण भएको इजाजत

   b. नागरिकताको प्रतिलिपी

५. जमानत बापत राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको रकम रु. ........................................

६. बोलपत्र पेश गरेको मितिः

७. आधिकारिक प्रतिनिधि नियुक्त गरेको भए सो को नामः

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको

नामः

ठेगानाः

मितिः

हस्ताक्षरः

छापः

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

दमक, झापा

कोशी प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

नाम: **अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सन्चालन तथा व्यवस्थापन कार्य, दमक ८**

जग्गाको विबरण:

साबिक: दमक नगरपालिका वडा नं १३ हाल वडा नं. ८

| क्र.सं. | बिबरण | वार्षिक कबोल अंक | कबोल अंक अक्षेरुपी | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अर्गानिक तथा रैथाने कृषि बजार केन्द्र सन्चालन तथा व्यवस्थापन कार्य, दमक ८ | | | | |
| | | | sub total | | |
| | | | 13 % vat | | |
| | | | Total | | |

बोलपत्रदाताको

नाम:

हस्ताक्षर:

छाप